# शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम प्रकाशित : २०८०/०३/०५

यस विकास बैंकको आर्थिक बर्ष २०८०।८१ को लागी कर्मचारी पोशाक आपूर्ति गर्न ईच्छुक फर्म तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र, आपूर्ति गर्ने कपडाको तपशिलमा उल्लिखित विवरण सहित यस बैंकको तल उल्लिखित ठेगानामा शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## तपशिल

### क. आपूर्ति गर्ने कपडाको विवरण

- कपडाको विशेषता
- कपडाको नमुना
- आपूर्ति गर्ने कपडा निर्मित भएको देश
- नमुना अनुसारको कपडाको मुल्य अभिबृद्धि कर सहितको दरभाउ
- आपूर्ति समय
- अन्य विवरण बोलपत्र फर्ममा समावेश भएअनुसारको हुनेछ ।

### ख. प्रस्तावसँग पेश गर्नुपर्ने कागजपत्र

- फर्म कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिति
- पान वा भ्याटको प्रतिलिपि
- सँचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिति
- फर्म वा कम्पनीको अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन प्रतिलिपि
- अनुभवको प्रमाणपत्रको प्रतिलिपि

### ग. शर्त तथा बन्देजहरु

- बोलपत्र फाराम खरिद प्रति फाराम रु.२,०००.०० (अक्षरुपि दुई हजार रुपैंया) मात्र यस बैंकको खाता नं. ०१३-९४९०१७०१०२१ **(Bid Application Fee)** मा जम्मा गरेको भौचर पेश गरी यस बैंकको केन्द्रीय कार्यालय स्थित सामान्य सेवा विभागबाट प्राप्त गर्न सकिनेछ ।
- बोलपत्र फारामको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक व्यक्तिको हस्ताक्षर भएको हुनुपर्नेछ ।
- बोलपत्र फाराममा अँक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस बैंकको केन्द्रीय कार्यालय सामान्य सेवा विभागमा कार्यालय समयसम्म बुझाउन सकिनेछ ।
- कारण खुलाई वा नखुलाई प्राप्त कुनै वा सबै बोलपत्र रद्द गर्ने, स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अग्राधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
- प्राप्त शिलबन्दी बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ८औं दिनमा यस बैंकको केन्द्रीय कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको उपस्थितिमा खोलिनेछ तर बोलपत्र खोल्ने समय र स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा बोलपत्र खोल्नलाई बाधा पुग्ने छैन ।
- शिलबन्दी बोलपत्र बुझाउने अन्तिम दिन आकस्मिक वा सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुल्ने दिन अर्को दिनसम्म बुझाउन सकिने र बोलपत्र खोल्ने दिन आकस्मिक वा सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुल्ने अर्को दिनमा माथि उल्लिखित स्थान तथा समयमा नै खोलिनेछ ।
- बोलपत्रदाता र बैंकबीच कुनै विवाद भएमा बैंकको निर्णयलाई अन्तिम मान्यता दिईनेछ ।
- म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
- अन्य शर्त तथा बन्देजहरु बोलपत्र फाराममा उल्लेख भएअनुसार रहनेछ ।

---

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu
**Toll Free No.:** 16600149999, **E-mail:** info@muktinathbank.com.np,
**Web:** www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**